# निर्णय नं. १०३२४ - जग्गा दर्ता

भाग: **६१** साल: **२०७६** महिना: **मंसिर** अंक: **८**
फैसला मिति :२०७५/०२/११ ७५८

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

फैसला मिति : २०७५।२।११

०६८-CI-०३४२

मुद्दाः जग्गा दर्ता

पुनरावेदक / वादी : आशालाल महर्जनको नाति बेखालाल महर्जनको छोरा ललितपुर जिल्ला, ठेचो गा.वि.स. वडा नं.२ बस्ने इन्द्र गोविन्द महर्जन

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार, चारखाल, काठमाडौंसमेत

जग्गाको दर्तावाला व्यक्तिलाई सुनुवाइको मौका नै नदिई निजको नाममा दर्ता भइरहेको जग्गा गुठी कायम गर्ने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तअनुकूल देखिन नआउने ।

(प्रकरण नं.७)

पुनरावेदक / वादीका तर्फबाट :

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

ने.का.प.२०४४, अंक ८, नि.नं.३१८०

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

प्रशासक सेमन्तराज चापागाई

गुठी संस्थान, केन्द्रीय कार्यालय, डिल्लीबजार

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश डा.श्री हरिवंश त्रिपाठी

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

पुनरावेदन अदालत पाटन

फैसला

न्या.चोलेन्द्र शमशेर ज.ब.रा.: न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यस प्रकार छ:

ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं.३(क) कि.नं.५९, ६४ र ठेचो गा.वि.स. वडा नं.१(क) कि.नं.४१ को जग्गा साबिकदेखि म मोही भई कमाई आएको मोही महलमा हाकु देशार र जग्गा धनी महलमा यो जग्गा चक्र गुठीको थकाली बद्रि देशारको हो मैले कुत तिरी जोती खाई आएको छु भनी उल्लेख भएकोले म निवेदकको नाममा छुट गुठीमा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भन्ने हाकु देशारले गुठी तथा खर्च तहसिल, कार्यालयमा दिएको निवेदन।

उल्लिखित कित्ता जग्गा कि.नं.४१ र ६४ को मोही महलमा हाकुचा देशार, जग्गा धनी महलमा बद्रि देशार किसानको बेहोरामा कि.नं.४१ मा यो जग्गा चक्र गुठीको हो, थकाली बद्रि देशार चापागाउँ बस्नेलाई २ मुरी धान, २ पाथी गहुँ, तिरी खाई आएको, त्यस्तै कि.नं.६४ मा यो जग्गा चक्र गुठीको हो, थकाली बद्रिको ५९ मध्येबाट जोती आएको छु भन्ने उल्लेख छ भने कि.नं.५९ मोही महलमा कि.नं.४१ अनुसार नै जग्गाधनी खाली र किसानको बेहोरा यो जग्गा चक्र गुठीको हो, थकाली बद्रि देशारको हो २ मुरी कुत तिरी खाई आएको छु । उल्लिखित जग्गाको मोठ स्रेस्ता झिकाई हेर्दा कि.नं.४१ र ६४ रैकरतर्फ दर्ता प्रमाणित भई तहतह हक हस्तान्तरण हुँदै हाल ललितपुर ठेचो गा.वि.स. बस्ने इन्द्र गोविन्द महर्जनका नाउँमा दर्ता भएको देखिन्छ भने कि.नं.५९ दर्ता बाँकी देखिन्छ भन्ने फिल्डबुकको बेहोरा ।

यिनै जग्गाधनी जनिएका व्यक्ति बद्रि देशारले रैकरतर्फ दर्ता गराएको झरूवारासी गा.वि.स. वडा नं.७(क) कि.नं.७४, ७५, ७६, ७३, ७८, ८३ र १४७ समेतका जग्गा गुठी संस्थानले मिति २०५३।४।१४ मा रैकरतर्फको लगत कट्टा गरी गुठी कायम गरेकोमा त्यसउपर पुनरावेदन परी पुनरावेदन अदालतबाट सम्बन्धित पक्षलाई बुझी पुनः निर्णय गर्नु भनी मिति २०५४।११।१६ मा फैसला भएको र सो फैसलापश्चात् रैकरतर्फ दर्ता गर्ने व्यक्ति बुझी पुनः मिति २०५६।१२।२५ मा रैकरतर्फ दर्ता भएको लगत कट्टा गरी गुठी कायम गर्ने गरी निर्णय पर्चा भएको । फिल्डबुकमा चक्र गुठी भनी पुनरावेदक पक्षले स्वीकार गरेको कुरामा निज विवन्धित पनि रहने देखिन्छ । यस्तो अवस्थामा उल्लिखित तथ्यबाट विवादित जग्गा चक्र गुठीको रहेछ भन्ने पुष्टि हुन आउँछ । अतः रैकरतर्फको लगत कट्टा गरी जग्गाधनीमा चक्र गुठी कायम गरेको मिति २०५६।१२।२५ को गुठी संस्थानको निर्णय मनासिब ठहर्छ भनी श्री पुनरावेदन अदालत पाटनबाट मिति २०५८।३।२० मा भएको फैसला ।

यो कारबाहीमा आएका कि.नं.४१, ५९ र ६४ को फिल्डबुकको बेहोरा र अघि निर्णय गरिएका कि.नं.७४, ७५, ७६, ७३, ७८, ८३ र १४७ जग्गाको पनि एकै प्रकृतिको देखिएको भन्ने फिल्डबुकको

बेहोरा ।

हाल कारबाहीमा आएका ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं.३(क) कि.नं.६४ क्षेत्रफल ०-१०-२ र ऐ.ऐ. ठेचो गा.वि.स. वडा नं.१(क) कि.नं.४१ को क्षेत्रफल ०-१२-२ जग्गाको फिल्डबुकको बेहोरा र मिति २०५६।१२।२५ मा संस्थानले गरेको निर्णय पर्चामा उल्लिखित फिल्डबुकको बेहोरा मिल्दोजुल्दो देखिएको, फिल्डबुकमा चक्र गुठी भनी लेखाएको बेहोराबाट यसलाई अन्यथा भन्न सक्ने अवस्था देखिँदैन । गोरखनाथका पिर महन्तले गरी दिएको संयुक्त भर्पाइमध्ये साबिक हाकुचा देशारको नाउँमा रहेको गुठी जग्गा दर्ता नभएकोसमेत देखिन आयो । उल्लिखित कित्ता जग्गा गोरखनाथ चक्र पूजा गुठीको जग्गा हो भन्ने कुरामा विवाद देखिएन । तसर्थ, यो कारबाहीमा आएको जग्गाको रैकरतर्फ दर्ता भएको लगत कट्टा भई साबिक लगतबमोजिम गोरखनाथ चक्र पूजा गुठी जग्गा नै कायम हुने गरी गुठी संस्थानबाट मिति २०६४।१०।१० मा भएको निर्णय ।

विवादित जग्गा नापीकै समयमा जग्गा नापजाँच ऐन, २०१९ अनुसार कि.नं.४१ र कि.नं.६४ दर्ता भई जग्गाधनी दर्ता प्रमाण पुर्जासमेत प्राप्त भएको तथ्य मोठ स्रेस्ताबाटै प्रस्ट छ। हाल कारबाहीमा आएको कि.नं.६४ र ४१ को जग्गाको फिल्डबुकको बेहोरा र मिति २०५६।१२।२५ मा संस्थानले गरेको निर्णय पर्चामा उल्लिखित कि.नं.७३, ७४ समेतका जग्गाको फिल्डबुकमा उल्लिखित बेहोरा मिल्दोजुल्दो भएको भन्ने आधारमा आफ्नै उक्त निर्णयलाई नजिरको रूपमा धारण गरी गरेको मिति २०६४।१०।१० को निर्णय गैरकानूनी छ। उक्त विवादित जग्गाहरू चक्र गुठीको नभई मेरो परदाताको नितान्त पुर्खौली सम्पत्तिको जग्गाहरू हुन्। नापीका बेलामा परदाता चक्र गुठीको थकाली भइरहेको कारण मात्र मोहीले ती जग्गाहरू सो चक्र पूजा गुठीका थकाली बद्रि देशारको हो भनी लेखाएका मात्र हुन्। उक्त जग्गाहरू गुठी नै कायम गर्नु परे रीतपूर्वक रैकर परिणत गर्दाको बखत नै दाबी विरोध गरी बदर गराउन नसकी हाल आएर तहतह हस्तान्तरण भइसकेको अवस्थामा रैकर लगत कट्टा गरी गुठी कायम गर्न मिल्ने होइन। गुठी संस्थान केन्द्रीय कार्यालयका प्रशासकले विवादित जग्गाको रैकरतर्फ दर्ता भएको लगत कट्टा गरी गुठी कायम गरेको निर्णय गुठी संस्थान ऐन, २०३३ को दफा ३९ तथा मुलुकी ऐन अ.बं.१८४क र १८५ नं.समेतको विपरीत भएको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत बेहोराको वादी इन्द्र गोविन्द महर्जनको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र।

यसमा दर्तावालाहरू बुझ्दै नबुझी, दर्ता बदर गरी गुठी कायम गर्ने गरेको गुठी संस्थानका प्रशासकबाट मिति २०६४।१०।१० मा भएको निर्णय प्रमाणको मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिएकोले छलफलको लागि अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०६५।११।११ को आदेश।

यसमा पुनरावेदकले विवादको जग्गा परदाताको नितान्त पुर्खौली सम्पत्तिको जग्गा भनी रैकर जग्गाको जिकिर गरेकोमा सोको आधार खुलाई प्रमाण दिएको नदेखिँदा निजसँग अ.बं. १३३ नं. बमोजिम कागज गरी नापी पूर्वको साबिक दर्ता तिरो खुलाई खुलाएमा सोको लगत उतार सम्बन्धित मालपोत कार्यालयबाट मगाई पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०६६।९।२७ को आदेश।

जग्गाका सुरूका दर्तावाला बद्रि देशारसमेतका मानिसहरूलाई नबुझी निर्णय गरेको, निर्णय गर्दा गुठी प्रशासकले आफैँले मिसिल प्रमाणको अध्ययन एवम् मूल्याङ्कन गरेको नदेखिइएको र निर्णय गर्दा गुठी कायम हुने आधार प्रमाण उल्लेख गरी निर्णयमा पुगेको अवस्थासमेत नदेखिएको हुँदा गुठी संस्थानका प्रशासकले मिति २०६४।१०।१० मा गरेको निर्णय मिलेको नदेखिँदा सो निर्णय बदर गरिदिएको छ। अब यसमा साबिक दर्तावाला बद्रि देशारसमेतका जे जो व्यक्तिहरूलाई बुझ्नु पर्छ बुझी प्रमाणको समुचित विवेचना र मूल्याङ्कन गरी न्यायिक निर्णय गर्दाका मान्यताहरूसमेतको अनुशरण गरी कानूनबमोजिम निर्णय गर्नु भनी तारेखमा रहेका पुनरावेदकलाई तारेख तोकी मिसिल गुठी संस्थानमा पठाई दिनेसमेत ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०६७।४।१७ मा भएको फैसला।

सर्वप्रथमतः मिति २०६७।४।१७ को पुनरावेदन अदालत पाटनको फैसलामा विवादित कि.नं.४१ र ६४ को जग्गा कुन स्रेस्ता, लगत वा लिखतका आधारमा गुठी कायम हुने हो भन्ने सम्बन्धमा कुनै उल्लेख र विवेचना गरेको पाइएन। निर्णय गर्दा गुठी कायम हुने आधार प्रमाण उल्लेख गरी निर्णयमा पुगेको अवस्थासमेत नदेखिएको हुँदा गुठी संस्थानका प्रशासकले मिति २०६४।१०।१० मा गरेको निर्णय मिलेको नदेखिँदा सो निर्णय बदर गरिदिएको भनी उल्लेख गरेको छ। त्यस्तै गुठी संस्थान केन्द्रीय कार्यालयबाट मिति २०६८।४।८ मा रैकर लगत कट्टा गरी गुठी कायम गर्ने गरी निर्णय गर्दासमेत गुठीको लगत खुलाउन सकेको अवस्था छैन। गुठीको लगतभित्रको नदेखिएको विवादित कित्ता जग्गाहरूका सम्बन्धमा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ को उपदफा (१) प्रयोग हुन सक्दैन। यसरी पुनरावेदन अदालत पाटन आफैँले "विवादित जग्गा कुन स्रेस्ता, लगत वा लिखतका आधारमा गुठी कायम हुने हो भन्ने सम्बन्धमा कुनै उल्लेख र विवेचना गरेको पाइएन। निर्णय गर्दा गुठी कायम हुने आधार प्रमाण उल्लेख गरी निर्णयमा पुगेको अवस्थासमेत नदेखिएको हुँदा गुठी संस्थानका प्रशासकले मिति २०६४।१०।१० मा गरेको निर्णय मिलेको नदेखिँदा सो निर्णय बदर गरिदिएको छ भन्दै विवादित जग्गा गुठीको लगतभित्रको नदेखिएको कुरालाई स्वीकार गरेको अवस्था छ। गुठीको लगतभित्रको नदेखिएको विवादित कित्ता जग्गाहरूका सम्बन्धमा गुठी संस्थानमार्फत पुनः कानूनबमोजिम निर्णय गर्नु भनी पुनरावेदन अदालत पाटनले गरेको मिति २०६७।४।१७ को फैसला "ढिलो न्याय दिनु, न्याय नदिनु हो (Justice delayed is, justice denied)" भन्ने सर्वमान्य कानूनी सिद्धान्तबमोजिम गैरकानूनी भएकोले पुनरावेदन अदालत पाटनको उक्त मिति २०६७।४।१७ को फैसला खारेज गरिपाऊँ।

विवादित जग्गा नापीकै समयमा जग्गा नापजाँच ऐन, २०१९ अनुसार ललितपुर जिल्ला चापागाउँ गा.वि.स. वडा नं.३(क) कि.नं.६४ को क्षेत्रफल ०-१०-२-० जग्गा मिति २०२२।१०।६ मा तथा ऐ.ऐ. ठेचो गा.वि.स. वडा नं.१(क) कि.नं.४१ को क्षेत्रफल ०-१२-२-० जग्गा मिति २०२३।११।१ मा दर्ता भई जग्गाधनी दर्ता प्रमाण पुर्जासमेत प्राप्त भएको निर्विवाद तथ्य मोठ स्रेस्ताबाटै प्रस्ट छ। सो कुरालाई पुनरावेदन अदालत पाटनले समेत आफ्नो फैसलामा उल्लेख गरी स्वीकार गरेको छ। उक्त कित्ता जग्गाहरू साबिक जग्गाधनी बद्रि देशारले मिति २०५२।१०।५ मा मालपोत कार्यालय ललितपुरको र.नं.४३७५ बाट हेराबहादुर महर्जनको नाममा, निज हेराबहादुरबाट मिति २०५३।५।२६ मा मालपोत कार्यालय ललितपुरको र.नं.११०२ बाट युनेश कृष्ण ताम्राकारका नाममा र निज युनेश कृष्ण ताम्राकारबाट मिति २०५७।१२।३१ मा मालपोत कार्यालय ललितपुरको र.नं.५९९२, ५९९३ बाट म पुनरावेदक इन्द्र गोविन्द महर्जनको नाममा हक हस्तान्तरण भएको कुरा निर्विवाद रूपमा स्थापित भइरहेको अवस्था छ। यसरी साबिकमा नापीकै समयमा (कि.नं.६४ मिति २०२२।१०।६ मा तथा कि.नं.४१ मिति २०२३।११।१ मा) दर्ता भई तहतह हक हस्तान्तरण भई मेरो नाममा जग्गाधनी कायम भई निर्विवाद तवरले मेरो हक स्वामित्व कायम भइरहेको अवस्था छ।

गुठीको लगतभित्रको नदेखिएको र अन्यथा प्रमाणित नभई निर्विवाद तवरले मेरो हक स्वामित्व कायम भइरहेको र जग्गाको हक स्वामित्वको मूल प्रमाणका रूपमा रहेको मोठ स्रेस्तामा लेखिएको दर्तावाला जग्गाधनी साबिकमा बद्रि देशार हाल म इन्द्र गोविन्दका नाममा उक्त कि.नं.६४ तथा कि.नं.४१ समेत २ कित्ता जग्गाहरू जग्गाधनी कायम भइरहेकोमा रैकरतर्फ दर्ता भएको लगत कट्टा नगरी उक्त कित्ता जग्गाहरूको जग्गाधनीको हक स्वामित्व मेरै नाममा

कायम गरी मिति २०६४।१०।१० को गुठी संस्थान केन्द्रीय कार्यालयको निर्णय बदर गर्नुपर्नेमा सो नगरी गुठी संस्थानमार्फत पुनः कानूनबमोजिम निर्णय गर्नु भनी पुनरावेदन अदालत पाटनले गरेको मिति २०६७।४।१७ को फैसला गुठी संस्थान ऐन, २०३३ को दफा ३९ तथा मुलुकी ऐन अ.बं.१८४(क) र १८५ नं.का साथै प्रमाण ऐन, २०३१ को दफा ५४ को प्रतिबन्धात्मक वाक्यांशसमेत प्रतिकूल भएको र प्रमाणको यथोचित मूल्याङ्कन र विश्लेषण नगरी भएको उक्त पुनरावेदन अदालत पाटनले गरेको मिति २०६७।४।१७ को फैसला खारेज गरी हाल म इन्द्र गोविन्दका नाममा उक्त कि.नं.६४ तथा कि.नं.४१ समेत २ कित्ता जग्गाहरू जग्गाधनी कायम भइरहेकोमा रैकरतर्फ दर्ता भएको लगत कट्टा नगरी उक्त कित्ता जग्गाहरूको जग्गाधनीको हक स्वामित्व मेरै नाममा कायम गरी मिति २०६४।१०।१० को गुठी संस्थान केन्द्रीय कार्यालयको निर्णयसमेत बदर गरी गुठी संस्थान केन्द्रीय कार्यालयको गैरकानूनी दाबीबाट समेत अलग फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको यस अदालतमा पर्न आएको वादीको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो। यसमा पुनरावेदन अदालत पाटनको मिति २०६७।४।१७ को फैसला मिलेको छ, छैन ? र पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, ललितपुर जिल्ला चापागाउँ गा.वि.स. वडा नं.३(क) कि.नं.५९, ६४ र ठेचो गा.वि.स. वडा नं.१(क) कि.नं.४१ को जग्गा साबिकदेखि म मोही भई कमाई आएको मोही महलमा हाकु देशार र जग्गाधनी महलमा यो जग्गा चक्र गुठीको थकाली बद्रि देशारको भन्ने उल्लेख भएकोले म निवेदकको नाममा छुट गुठीमा दर्ता गरिपाउँ भनी हाकु देशारले गुठी संस्थानमा निवेदन गरेकोमा कारबाही हुँदा रैकरतर्फको लगत कट्टा भई साबिक लगतबमोजिम गोरखनाथ चक्र पूजा गुठी जग्गा नै कायम हुने गरी गुठी संस्थानबाट मिति २०६४।१०।१० मा निर्णय भएको देखिन्छ। उक्त निर्णयउपर इन्द्र गोविन्द महर्जनको पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट मिति २०६७।४।१७ मा गुठी संस्थानको निर्णय बदर भई पुनः निर्णयका लागि मिसिल गुठी संस्थानमा पठाई दिने ठहरी फैसला भएको र सो फैसलाउपर चित्त नबुझाई वादीका तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ।

३. पुनरावेदकले पुनरावेदनपत्रमा कि.नं.६४ तथा ४१ साबिकमा नापीकै समयमा दर्ता भई तहतह हक हस्तान्तरण भई मेरो नाममा जग्गाधनी कायम भई मेरो हक स्वामित्व कायम भइरहेकोमा दर्ता भएको लगत कट्टा नगरी उक्त कित्ता जग्गाहरूको जग्गाधनीको हक स्वामित्व मेरै नाममा कायम गर्नुपर्नेमा पुनः कानूनबमोजिम निर्णय गर्न गुठी संस्थानमा पठाउने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला खारेज गरी गुठी संस्थान केन्द्रीय कार्यालयको गैरकानूनी दाबीबाट फुर्सद दिलाई पाउँ भन्ने मुख्य जिकिर लिएको पाइन्छ।

४. तत्सम्बन्धमा विचार गर्दा, विवादित ललितपुर जिल्ला चापागाउँ गा.वि.स. वडा नं.३ (क) कि.नं.६४ को ०-१०-२ जग्गा २०२२।१०।६ मा तथा ठेचो गा.वि.स. वडा नं.१(क) कि.नं.४१ को ०-१२-२-० जग्गा मिति २०२३।११।१ मा बद्री देशारको नाउँमा रैकर दर्ता भई निजबाट क्रमशः हेराबहादुर महर्जन, युनेश कृष्ण ताम्राकार र त्यसपछि पुनरावेदक इन्द्र गोविन्द महर्जनका नाममा पारित लिखतका आधारमा प्राप्त भएको देखिन्छ।

५. गुठी संस्थानबाट मिति ०६४।९।८ मा "यसमा रैकरतर्फ दर्ता गराउने व्यक्तिलाई रीतपूर्वक म्याद तामेल गरी बुझेको छ, छैन ? नभए बुझी पेस गर्ने" भन्ने आदेश भएको र सो आदेश कार्यान्वयन नहुँदाको अवस्थामा पुन: मिति २०६४।९।११ मा "यसमा रैकर दर्ता गर्ने व्यक्तिहरूलाई रीतपूर्वकको म्याद तामेल गरी बुझिसकेको अवस्था रहे गुठी कायमतर्फ पर्चा खडा गर्ने" भन्ने आदेश भएको देखिन्छ। मिति २०६४।१०।१० मा गुठी संस्थानका प्रशासकले निर्णय गर्दा स्वयं आफैँले गरेको आदेशको कार्यान्वयन नहुँदै जग्गाका दर्तावाला बद्री देशारसमेतका मानिसहरूलाई नबुझी निर्णय गरेको देखियो।

६. मुलुकी ऐन, अ.बं.१८५ नं. ले अड्डाले निर्णय गर्दा त्यसको आधार र तत्सम्बन्धी कानूनसमेत उल्लेख गर्नुपर्दछ भन्ने व्यवस्था गरेको छ। यसैगरी "न्यायिक वा अर्धन्यायिक निर्णय गर्न पाउनेले निर्णय गर्दा सबुद प्रमाणको मूल्याङ्कन गरी आधार देखाई निर्णय गर्नुपर्छ" भन्ने निवेदक मधु राउत यादव विपक्षी भूमिसुधार कार्यालय धनुषासमेत भएको उत्प्रेषण मुद्दामा (ने.का.प.२०४४, अंक ८, नि.नं.३१८०) मा यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको पाइन्छ।

७. प्रस्तुत विवादमा बद्रि देशारले २०२३ सालमा नै जग्गा दर्ता गराएको र त्यसपछि तहतह बिक्रीसमेत भएको भन्ने मिसिलबाट देखिन्छ। यस अवस्थामा सो जग्गाको दर्तावाला व्यक्तिलाई सुनुवाइको मौका नै नदिई निजको नाममा दर्ता भइरहेको जग्गा गुठी कायम गर्ने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तअनुकूल पनि देखिन आएन। विवादित कि.नं.४१ र ६४ को जग्गा कुन स्रेस्ता, लगत वा लिखतका आधारमा गुठी कायम हुने हो सो सन्दर्भमा समेत विवेचना नगरी उक्त जग्गाहरूको रैकरको लगत कट्टा भई गुठी कायम हुने गरी मिति २०६४।१०।१० मा भएको निर्णय कानूनसम्मत देखिन आएन।

८. अत: गुठी संस्थानका प्रशासकले विवादित जग्गाका सम्बन्धमा मिति २०६४।१०।१० मा गरेको निर्णयलाई बदर गरी साबिक दर्तावाला बद्रि देशारसमेतका जे जो व्यक्तिहरूलाई बुझ्नुपर्छ बुझी प्रमाणको समुचित विवेचना र मूल्याङ्कन गरी कानूनबमोजिम पुनः निर्णय गर्नु भनी सुरू गुठी संस्थानमा पठाइदिने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।४।१७ मा भएको फैसला अन्यथा नभई मनासिब देखिन आयो।

९. तसर्थ, माथि विवेचित आधार प्रमाणबाट पुनरावेदन अदालत पाटनबाट पुन: निर्णयको लागि सुरू गुठी संस्थानमा पठाउने गरी भएको मिति २०६७।४।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्या.विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत: शिवहरि पौड्याल

इति संवत् २०७५ साल जेठ ११ गते रोज ६ शुभम् ।

# *भर्खरै प्रकाशित नजिरहरू*

- ***१०५२७ - बन्दीप्रत्यक्षीकरण (http://nkp.gov.np/full_detail/9593)***

  ***फैसला मिति : २०७७/०४/२९ | मुद्दा नं : ०७७-WH-००११***

- ***१०५२६ - उत्प्रेषण / परमादेश (http://nkp.gov.np/full_detail/9592)***

  ***फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७६-WO-०९६२***

- ***१०५२५ - कर्तव्य ज्यान (http://nkp.gov.np/full_detail/9591)***

  ***फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७५-CR-०८४७***

- ***१०५२४ - परमादेश (http://nkp.gov.np/full_detail/9590)***

  ***फैसला मिति : २०७७/०३/२५ | मुद्दा नं : ०७६-WO-१०२६***

- ***१०५२३ - राज्य विरूद्धको अपराध (http://nkp.gov.np/full_detail/9589)***

  ***फैसला मिति : २०७७/०३/०२ | मुद्दा नं : ०७५-CR-१०९३***

# *धेरै हेरिएका नजिरहरु*

---

- ***निर्णय नं: # ९३४६ - मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी (http://nkp.gov.np/full_detail/8389)***

  ***फैसला मिति : २०७१/१०/१९ | मुद्दा नं : ०६७-CR-१२८८***

- ***निर्णय नं: # ९३१७ - हालैदेखिको बकसपत्र लिखत बदर (http://nkp.gov.np/full_detail/8316)***

  ***फैसला मिति : २०७१/०७/१९ | मुद्दा नं : ०६७-CI-०९०३***

- ***निर्णय नं: # ९२७३ - मानाचामल (http://nkp.gov.np/full_detail/8079)***

  ***फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : ०६८-CI-०२१६***

- ***निर्णय नं: # ९२७४ - लागु औषध (नरफिन) (http://nkp.gov.np/full_detail/8080)***

  ***फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : २०६७-CR-०९९२***

- ***निर्णय नं: # ९३१९ - उत्प्रेषण (http://nkp.gov.np/full_detail/8363)***

  ***फैसला मिति : 2070/10/20 | मुद्दा नं : ०६९–WS–००३५***